गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

# प्रदेश आयुर्वेद चिकित्सालय

फलेवास, पर्वत

पत्र संख्या: २०८३/८४ मिति: २०८३/०४/२१

चलानी नं.: १६

जो जस संग सम्बन्धित छ।

विषय: पर्वत जिल्ला भित्र रहेका आयुर्वेद स्वास्थ्य संस्थाको दर्ता तथा नवीकरण सम्बन्धमा

प्रस्तुत विषयमा "गण्डकी प्रदेश जनस्वास्थ्य सेवा ऐन, २०८२" को दफा १३ को उपदफा ६ मा उल्लेख भए अनुसार हाल सञ्चालनमा रहेका तर नवीकरण नगरिएका स्वास्थ्य संस्थाहरूले ऐन लागू भएको मितिले ६ महिनाभित्र साविक बमोजिमको नवीकरण दस्तुर एकमुष्ट बुझाई सञ्चालन अनुमति लिई सक्नुपर्ने व्यवस्था रहेको हुँदा सो बमोजिमका स्वास्थ्य संस्थाहरूलाई २०८३ साल श्रावण मसान्तभित्र यस चिकित्सालयमा आवश्यक कागजातसहित नवीकरणका लागि निवेदन पेश गर्न अनुरोध गरिन्छ। साथै "स्वास्थ्य संस्थाको दर्ता, नवीकरण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०८२" को दफा ३ को उपदफा (२) अनुसार तपशिल बमोजिमका आयुर्वेद स्वास्थ्य संस्थाहरूले अनिवार्य रूपमा दर्ता गरेर मात्र सेवा सञ्चालन गर्नुपर्ने भएकाले सम्बन्धित सबैलाई समयमै दर्ता प्रक्रियामा सहभागी हुन अनुरोध गरिन्छ।

तपशिल:

दर्ता गर्नुपर्ने आयुर्वेद स्वास्थ्य संस्थाहरू:

१. आयुर्वेद विशेषज्ञ सेवा क्लिनिक (जस्तैः पञ्चकर्म, क्षारसूत्र, योग केन्द्र, आदि)

२. आयुर्वेद पोलिक्लिनिक (एउटै व्यवस्थापन अन्तर्गत कम्तीमा तीन वा सोभन्दा बढी आयुर्वेद सेवा उपलब्ध गराउने तथा औषधि सेवाको व्यवस्था भएको संस्था)

पुनश्च:

निवेदनको ढाँचा, आवश्यक कागजात तथा दर्ता/नवीकरण सम्बन्धी विस्तृत जानकारी स्वास्थ्य मन्त्रालयको वेबसाइट https://moh.gandaki.gov.np मा तथा यस चिकित्सलायाको वेबसाइट https://pahp.gandaki.gov.np मा उपलब्ध "स्वास्थ्य संस्थाको दर्ता, नवीकरण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०८२" बाट प्राप्त गर्न सकिनेछ।

डा. किरण कमल बस्ताकोटी

कार्यालय प्रमुख

**Website:**https://pahp.gandaki..gov.np **Email:** dahcparbat@gmail.com, Phone No: 067-430080